**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# जलेश्वरी श्रेष्ठका कथाका पात्रमा *प्रतिनिधित्व, पहिचान र प्रतिरोध*

**ज्ञानु अधिकारी***
shabdaga@gmail.com

Received: 16 August, 2024 Accepted: 17 September, 2024

**लेखसार**

*प्रस्तुत आलेख सांस्कृतिक अध्ययनको मुख्य लैङ्गिकताको सिद्धान्तअन्तर्गत पर्ने प्रतिनिधित्व, पहिचान र प्रतिरोधका आधारमा जलेश्वरी श्रेष्ठका कथाहरूको अध्ययनमा केन्द्रित छ । जलेश्वरी श्रेष्ठका 'लाभाका बाफहरू', मौन विद्रोह, म्यारिज एनिभर्सरी र अन्य कथा, 'फूल फुलाउने गमला' गरी चारवटा कथासङ्ग्रहमा रहेका कथाहरूमध्येबाट सघन रूपमा प्रतिनिधित्व, पहिचान र प्रतिरोधको अभिव्यक्ति भएका कथाहरूको चयन गरी तिनको पहिचान तथा विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा जलेश्वरी श्रेष्ठका कथालाई लैङ्गिकताका उपर्युक्त सूचकहरूका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । उनका कथामा केकस्ता पात्रको कसरी प्रतिनिधित्व भएको छ, ती पात्रहरूको लैङ्गिक पहिचान कस्तो छ र लैङ्गिक दृष्टिले कथाका पात्रहरूले कसरी प्रतिरोध गरेका छन् भन्ने मुख्य विषयलाई केन्द्र बनाएर यिनै जिज्ञासाको समाधान गर्ने उद्देश्यले यो आलेख तयार पारिएको हो । उनका कथामा प्रयुक्त पात्रहरूलाई नै केन्द्र बनाई अध्ययन विश्लेषण गरिएको यस आलेखमा पितृसत्तात्मक नेपाली समाजमा पुरुष, नारी र तेस्रो लिङ्गी पात्रहरूको प्रतिनिधित्व र पहिचान समाजमा आज पनि विभेदयुक्त लैङ्गिक परम्पराअनुसार नै हुनेगरेको यथार्थ प्रकट भएको छ । यस अध्ययनबाट यी कथाहरूमा एकातिर विभेदयुक्त लैङ्गिक परम्पराप्रति पछिल्लो पुस्ताका नारीपात्रहरूमा प्रतिरोधी चेतना र लैङ्गिक सचेतताको विकास हुँदैगएको र अर्कोतिर कथामा वैचारिक पक्ष स्पष्ट देखिएको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी**ः उत्पीडन, पितृसत्ता, मातृशक्ति, यौनिकता, लैङ्गिकता ।

## विषयपरिचय

जलेश्वरी श्रेष्ठ (२००३) समकालीन नेपाली सहित्यमा नारीचेतना र लैङ्गिक चेतनाका कथा लेख्ने आख्यानकारका रूपमा परिचित छिन् । २०५७ सालको *गोरखापत्र*मा 'भगवती' शीर्षकको कथा प्रकाशन गरेर साहित्ययात्रा प्रारम्भ गर्नुभएकी श्रेष्ठका *लाभाका बाफहरू, मौन विद्रोह, म्यारिज एनिभर्सरी र अन्य कथा, फूल फुलाउने गमला* गरी चारवटा कथासङ्ग्रह प्रकाशित छन् । यी कथाहरूमा पितृसत्ताको हैकमले निर्माण गरेको सन्त्रासयुक्त परिवेशमा डराएर बाँचिरहेका नारीहरूका यथार्थलाई निर्भीक रूपमा प्रस्तुत गरिएको छ । नारीका संवेदना, सङ्घर्ष र विद्रोह चेत, नारीमनभित्रका उकुसमुकुस, अपमानबोध, पीडाहरूबाट निःसृत मौन विद्रोह, पुरुषपात्रहरूको गैरजिम्मेवार, स्वार्थी र अवसरवादी चरित्रको सृजना र पितृसत्ताको हैकमलाई तोडन उद्दत विद्रोही महिला पात्रहरूको सृजना उनका कथाका विशेषता हुन् । अनेक कष्ट खपेर छोराछोरी जन्माउने, हुर्काउने काम आमाले गर्ने तर बच्चामाथिको

* *ज्ञानु अधिकारी, त्रिवि, पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौँमा उपप्राध्यापक हुनुहुन्छ ।*

सम्पूर्ण अधिकार बाबुको हुने सामाजिक तथा कानूनी मान्यतालाई समेत उनका केही कथाले प्रश्न गरेकाले यी कथाहरूमा लैङ्गिक चेतना प्रभावी बनेर आएको छ । त्यस्तै उनका कतिपय कथामा नारीलाई भोग्यावस्तुका रूपमा हेर्ने पितृसत्तात्मक सोचलाई भत्काउनुका साथै नारीलाई दोस्रो दर्जाको नागरिकको हैसियतमा हेर्ने समाजप्रति प्रश्न गरिएको छ । लिङ्ग प्राकृतिक हो भने लैङ्गिकता सामाजिक हो र पछि समाजले नै महिला र पुरुष भनी फरकफरक व्यवहार गर्न थालेपछि पुरुष सधैँ शक्तिशाली भई सम्पूर्ण स्रोतसाधनमा आधिपत्य जमाउन थाल्छ र महिला सधैँ कमजोर, निरीह, परनिर्भर र आश्रित हुने अवस्था सृजना हुन्छ । लैङ्गिक अध्ययनले साहित्यिक कृतिको विश्लेषणका लागि लैङ्गिक प्रतिनिधित्वको स्थिति, पात्रहरूको लैङ्गिक एवम् यौनिक पहिचान, पात्रहरूको लैङ्गिक भूमिका, पात्रमा लैङ्गिक शक्तिको वितरणजस्ता विषयलाई आधार बनाउँछ। साहित्यिक कृतिमा अभिव्यक्त लैङ्गिक विभेदका घटना वा सन्दर्भहरू र चरित्रचित्रणमा लैङ्गिक भिन्नताको प्रयोगजस्ता विषयमा केन्द्रित रही कृतिमा लेखकको लिङ्गको प्रभाव, पाठमा रुढिप्रकारहरूको प्रयोग र विनिर्माण, यौनिक राजनीतिको सन्दर्भ, पाठमा लैङ्गिक समताको समावेश, पात्रहरूको यौनिक अभिमुखीकरण, कृतिमा तत्कालीन लैङ्गिक स्थितिको वर्णन भाषिक प्रयोग र अर्थको खोजीजस्ता बुँदाहरूलाई आधार बनाएर विश्लेषण गर्न सकिन्छ (शर्मा, २०७८, पृ. १६८) । प्रस्तुत लेखमा जलेश्वरीका कथामा लैङ्गिकताका प्रतिनिधित्व, पहिचान र प्रतिरोधका सन्दर्भहरू केकसरी आएका छन् र लैङ्गिकताको प्रस्तुतिको प्रयोजन के हो भन्ने प्रमुख प्राज्ञिक जिज्ञासाको समाधान गर्ने काम यस अध्ययनमा गरिएको छ । खासगरी समाजमा हुने लैङ्गिक विभेदलाई साहित्यका माध्यमबाट देखाउने क्रममा यहाँ उनका कथाका पात्रहरूमा अभिव्यक्त प्रतिनिधित्व, पहिचान र प्रतिरोधी सिद्धान्तका आधारमा यसअघि जलेश्वरी श्रेष्ठका कथाहरूको अध्ययन नगरिएकाले यस क्षेत्रमा देखिएको प्राज्ञिक रिक्ततालाई यस अध्ययनले पूरा गर्ने उद्देश्यसहित प्रस्तुत लेख तयार पारिएको हो ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै किसिमका सामग्रीहरूको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्रीमा जलेश्वरी श्रेष्ठका *लाभाका बाफहरू* (२०५८), *मौन विद्रोह* (२०६१), *म्यारिज एनिभर्सरी र अन्य कथा* (२०७३) *र फूल फुलाउने गमला* (२०७५) गरी चारओटा कथासङ्ग्रभित्रका 'मौन विद्रोह', 'निरीह', 'सम्झौता', 'ओठमा फुलेको मुस्कान', 'वनफूल', 'अद्‌भुत दृश्य', 'भ्रूणहत्या', 'आगोको लप्काहरू', 'टेस्टट्यूब बेबी' शीर्षकका कथाहरू रहेका छन् भने लैङ्गिकतासम्बन्धी सैद्धान्तिक कृतिहरू र जलेश्वरी श्रेष्ठका कथाका बारेमा समालोचना गरिएका कृतिहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यस अध्ययनको उद्देश्य जलेश्वरी श्रेष्ठका कथाका पात्रमा अभिव्यक्त प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतनाको अध्ययन गर्नु रहेकाले तत्सम्बन्धी कथाको उद्धरणलाई मूल तथ्यका रूपमा सङ्कलन गरिएको छ र यी तथ्य वा सामग्रीलाई वर्णनात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको छ। यो साहित्यिक कृतिमाथिको अध्ययन भएकाले अध्ययन गुणात्मक प्रकृतिको बनेको छ।

## सैद्धान्तिक आधार

मानिस जन्मदा समानता लिएर जन्मिएका हुन्छन् तिनमा केवल यौनिक भिन्नता मात्र रहन्छ । पछि समाजले नै तिनीहरुलाई महिला र पुरुष भनी फरकफरक व्यवहार गर्न थाल्छ अनि पुरुष सधैँ बलशाली र शक्तिशाली भई

सम्पूर्ण स्रोत र साधनमा आधिपत्य जमाउन थाल्छ र महिला सधैँ कमजोर, निरीह, परनिर्भर र आश्रित हुन थाल्छन् । लिङ्ग शरीरको संरचनासँग सम्बन्धित हुन्छ भने लैङ्गिकता सामाजिक र सांस्कृतिक व्यवहारसँग सम्बन्धित हुन्छ । लिङ्ग शब्दले महिला तथा पुरुषका बिचमा रहने जैविक भिन्नतालाई बुझाउँछ भने लैङ्गिकता शब्दले समाज र संस्कृतिले निर्धारण गरेको सामाजिक मूल्यमा आधारित नारी र पुरुष भनी छुट्याइएका गुणहरूलाई बुझाउँछ । वंशानुगत रूपले पनि पारिवारिक सम्बन्धको निर्धारण पितृसत्ताले गरेको छ । आर्थिक रूपबाट बञ्चित गराउँदै महिलाको यौनिक र शारीरिक हिंसाका लागि पनि पुरुषको एकाधिकार चलेकाले महिलाका सामाजिक पहिचान र अस्तित्त्व गुमेको छ (मिलेट, सन् २०००, पृ.३३-३४) । समाजमा पितृसत्ताको वर्चस्व र मातृशक्तिको अवमूल्यन भएको देखिन्छ र महिलालगायत अन्य तेस्रोलिङ्गीहरू उत्पीडनका शिकार बनेका छन् । प्रस्तुत अध्ययनले कृतिगत लैङ्गिक स्थितिको वर्णन, विश्लेषण र व्याख्या गर्छ । यसबाट परिवार, समाज र देशमा नारी, पुरुष र तेस्रो लिङ्गीको केकस्तो अवस्था छ भन्ने वास्तविकता थाहा पाइन्छ । लिङ्गका आधारमा गरिने नारी, पुरुष वा अन्य लिङ्गीको भिन्नता, विभेद, प्रतिनिधित्व, शक्ति, उत्पीडन, हिंसा, शोषण आदिको विवरण दिएर यसले सामाजिक अवस्थालाई देखाउँछ भने लैङ्गिक समताको मुद्दालाई अघि सार्छ (शर्मा, २०७८ : १६९) । बाल्यावस्थादेखि नै छोरा र छोरीबिच भिन्न व्यवहार गरिनु, छोरीलाई सानैदेखि घरायसी काम गराई महिला बन्न प्रेरित गराइनु, छोरालाई साहसिक तथा बहादुरीका व्यवहार गर्न लगाई पुरुष बनाइनु आदि कारणबाट महिला र पुरुषमा विभिन्न किसिमका विभेद पैदा गरेपछि 'लैङ्गिकता' को जन्म भएको देखिन्छ ।

मानवसभ्यताको विकाससँगै लैङ्गिक विभेदको प्रारम्भ भएको हो । परिवारबाट समाजको निर्माण भई काम र सम्पत्तिको बाँडफाँड हुने क्रममा महिलालाई घरभित्रको काम र पुरुषलाई घरबाहिरको काम भनी छुट्याइन्छ । घर खेतकै कामका लागि पनि धेरैं श्रीमती र सन्तान जम्मा गरेर काममा लदाइने परिपाटिबाट पितृसत्तात्मक विचारको उदय भयो र यहीँबाट लैङ्गिकताको बीजरोपण भएको हो (एङ्गल्स, (अनु.) २०५६, पृ.५७) । यसरी पुरुष एकाधिपत्यपछि महिलामाथि दमन, शोषण, उत्पीडन तथा अन्याय अत्याचार भएका विषय साहित्यमा लेखिनथालेपछि साहित्यको लैङ्गिक अध्ययनको आवश्यकता बोध भएको हो । बुआरले पुरुष अहमी र महिला निरीह हुन् भन्ने पुरुष दम्भको विरोध गर्दै पुरुषसत्ताले बनाएको सामाजिक संरचना र संस्कारले नै यौनिकता र लैङ्गिकताको विभेद उब्जाएको हो र सामाजिक परिपाटीबाट नै पुरुषत्व र नारीत्वको विभेद भएको हो (बुआर, सन् १९५६, पृ.२७५-२८५) भन्ने कुराको उल्लेख गरेकी छन् । लैङ्गिक अध्ययनले एकातिर नारी र पुरुषले रचना गरेको साहित्यका भाषाप्रयोग, चरित्रचित्रण, कथानकको बनोट, बिम्ब र प्रतीकको उपयोग आदि विभिन्न पक्षहरुको तुलना गरेर तिनको विशिष्टताहरूको पहिचान गर्छ भने अर्कातिर यसले पुरुषप्रधान संस्कृतिका कारण साहित्य र पृथक् लेखकहरुमा देखिएका प्रबलता र कमजोरीको उत्खनन गर्छ (एटम, २०७४ : पृ.१८७ ) । लैङ्गिक प्रतिनिधित्व, लिङ्गका आधारमा बनेका परम्परा र लिङ्गका आधारमा गरिने शक्तिको सन्तुलनजस्ता सन्दर्भहरू लैङ्गिक अध्ययनका आधार हुन् (सुवेदी, २०७३, पृ.३१३) । यिनै आधारलाई केन्द्र बनाएर कुनै पनि साहित्यिक कृतिको लैङ्गिक अध्ययन गरिन्छ । लैङ्गिक विभेदको जन्म सामाजिक र सांस्कृतिक कारणले हुनेहुँदा महिला र पुरुषको प्रतिनिधित्व र पहिचान कसरी भएको छ भन्ने कुराको खोजी लैङ्गिक अध्ययनले गर्दछ (भट्टराई, २०७७, पृ. १०८) । कथामा प्रतिनिधित्व र पहिचान खोज्ने तथा विभेदका विरुद्ध प्रतिरोध गर्ने पात्रहरू हुन्छन् । आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्ने चरित्रलाई पात्र भनिन्छ (अब्राम्स, एम.एच., सन् २०००, पृ. ३२) । यस्ता पात्रहरू कथामा विभिन्न भूमिकामा आएका हुन्छन् र तिनै कथाका पात्रहरूले कथामा प्रतिनिधित्व, पहिचान र प्रतिरोधको भूमिका निर्वाह गरेका हुन्छन् ।

## परिणाम र विमर्श

नारीसमस्याका विभिन्न पक्षहरूप्रति नारीविद्रोहको स्वर प्रकटीकरण गर्नु जलेश्वरी श्रेष्ठका कथालेखनको मूल उद्देश्य हो । यौनलाई नारीआदर्शको मूलमानक औँल्याई उसको यौनिकताको अधिकार पूर्णतः पुरुषको नियन्त्रणमा राख्न खोज्ने र नारीको मातृत्व शक्तिलाई कमजोरी ठहऱ्याउन खोज्ने, पतिको शारीरिक दुर्बलतामा पत्नीले जिन्दगीभर मातृत्वसुखबाट बञ्चित रहनुपर्नेजस्ता विविध पितृसत्तात्मक स्वार्थीपनलाई उल्टाउँदै उनका नारीपात्रहरूले पुरुषदम्भलाई पछारिदिएका छन् । उनका कथामा अभिव्यञ्जित नारीहरूको प्रतिनिधित्व र पहिचानलाई देखाउँदै लैङ्गिक विभेदनका विरुद्धको प्रतिरोधी चेतनाको पनि विश्लेषण गरिएको छ ।

## जलेश्वरी श्रेष्ठका कथाका पात्रमा प्रतिनिधित्व

प्रस्तुत सन्दर्भमा समाजका हरेक क्षेत्रमा सीमान्तमा पारिएका नारीपात्रहरू र केन्द्रमा परेका पुरुषपात्रले तिनमा आफ्नो उपस्थिति खोज्नु र कथामा कथाकारले नारी वा पुरुषपात्रहरूलाई उपस्थापन गराउने स्थिति प्रतिनिधित्व हो । जलेश्वरी श्रेष्ठले आफ्ना कथाहरूमा मूलतः सहरिया परिवेश र खास गरी काठमाडौँ क्षेत्र आसपासका शिक्षित समुदायका पात्रहरूको प्रतिनिधित्व देखिन्छ । नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद र तिनले सिर्जना गरेका विविध यथार्थहरूको चित्रण नै प्रमुख रूपमा आएको छ । पितृसत्तात्मक समाजमा पुरुषले आफ्नो गल्ती र कमजोरीमा पनि कसरी सहुलियत पाउँछ भन्ने कुरा देखाइएका यस्ता कथाहरूमा समाजका नीतिनियम र मूल्य मान्यताहरू सबै पुरुषअनुकूल नै बनेको हुँदा नारीहरू सधैँ दमित अवस्थामा रहनुपरेको यथार्थलाई कथामा उपस्थित नारीपात्रहरूका माध्यमबाट देखाइएको छ र यसबाट यहाँ नेपाली समाजका अधिकांश नारीपात्रको प्रतिनिधित्व भएको छ ।

> कृष्णको पहिलेपहिलेजस्तो माया लाग्दैन, बरु घृणा लाग्छ । यो घरमा उनको उपस्थिति भएको बेलामा म निसास्सिन्छु । म पनि त एउटी नारी नै हुँ नि ! आखिर मेरो मनभित्र पनि त नारी चाह र संवेदनाहरू छन् । तर ती सबै समाज र संस्कारको परिधिभित्र सीमित पारेर म आफूलाई मौन राख्न विवश छु । मेरो विवशताले मलाई नमीठोगरी मर्माहत पारेको छ । म मेरा छोराछोरीहरूलाई छाडेर कतै जान सक्दिनँ । - ('मौन विद्रोह', *मौन विद्रोह*, पृ. १०२)

प्रस्तुत कथांशमा लैङ्गिक विभेदका कारण घरभित्र मात्र सीमित रहेर सारा जीवन बिताइदिनुपर्ने बाध्यता बोकेका नेपाली नारीहरूको प्रतिनिधित्व गर्ने पात्रको पीडा व्यक्त गरिएको छ । यस कथांशमा प्रस्तुत भएको कृष्णले नेपाली समाजको अधिकांशतः पुरुषको प्रतिनिधित्व गरेको छ भने 'म' पात्रले नारीको प्रतिनिधित्व गरेको छ । विवाह गरेर कृष्णको घरमा आएकी 'म' पात्रले आफूसँग भएका रहर, सपना र संवेदनाहरूलाई मारेर घरको काम र छोराछोरीको स्याहारसुसारमा व्यस्त हुनुपरेको तर श्रीमान् कृष्ण भने स्वतन्त्र र मनमौजी तालमा बाहिरबाहिर हिँड्ने र आफ्नो खुसी र स्वार्थमा मात्र रमाउनेगरेको दृश्य नेपाली समाजको यथार्थ हो, त्यसैले यहाँ 'म' पात्रलाई कृष्णको माया पहिलेपहिलेजस्तो नलागेको बरु उल्टै घृणा लाग्नथालेको सन्दर्भ प्रस्तुत गरिएको छ । घरमा आउँदा कुनै मालिक वा शासकको जस्तो व्यवहार देखाउने कृष्णको उपस्थिति भएको बेलामा म पात्र निसास्सिनेगरेको कुराले पितृसत्तात्मक नेपाली समाजमा विद्यमान लैङ्गिक विभेदले नारीमाथि हुने अन्यायलाई समेत देखाएको छ । यहाँ सामाजिक बाध्यता र विवशताले नारीहरूलाई पराधीन र कमजोर बनाइदिन्छ भन्ने यथार्थ प्रस्तुत गर्दै आफ्ना छोराछोरीहरूलाई बाबुले छोडेर हिँडेजस्तै गरी आमाले छाडेर कतै जान नसक्ने भएकाले पनि नारीहरू घरभित्र सीमित हुन बाध्य भएको र यसले गर्दा उनीहरू कमजोर देखिएको यथार्थ प्रस्तुत गरिएको छ । यसरी छोराछोरीको खुसी र

भविष्यका लागि आफ्ना सारा चाहना र क्षमतालाई दबाएर बस्नुपर्ने नेपाली नारीहरूको प्रतिनिधित्व गरिएको यस कथांशले आज पनि नेपाली समाजमा विभेदयुक्त पितृसत्तात्मक लैङ्गिक व्यवस्थाकै वर्चस्व छ भन्नेकुरा देखाउँछ। यस्तै समाजको प्रतिनिधित्व गर्ने पुरुषपात्रको प्रयोग भएको अर्को कथांश यसप्रकार छ :

> आफ्नो इच्छा विपरीत साधारण नाकनक्सा भएकी भवानीसँग सधैँका लागि जीवन जोड्न विवश भएको ठान्थ्यो सुरेन्द्र । यही कुण्ठाले उसले आफ्नी श्रीमतीलाई कहिल्यै अर्धाङ्गिनीको दर्जा दिएन । स्वास्नी त उसका लागि दुर्भाग्यको र अप्राप्तिको परिणति मात्र ठान्थ्यो । उसले भवानीलाई ओछ्यानमा शारीरिक भोक पूर्ति गर्ने वस्तु, खाना पकाउने भान्छे, सरसफाइ गर्ने सुसारे र बच्चा जन्माउने यन्त्र मात्र सम्झिन्थ्यो । त्यही मानसिकतामा सुरेन्द्रले उनलाई एउटी तलब दिन नपर्ने, कतै नजाने दासीलाई जस्तै व्यवहार गर्थ्यो ।
> - ('निरीह', *फूल फुलाउने गमला,* पृ.५९)

प्रस्तुत कथांशमा नारीलाई आफ्नो आवश्यकताहरू पूरा गर्ने साधनका रूपमा हेर्ने पुरुषसत्तावादी सोच भएका पुरुषपात्रको प्रतिनिधित्व छ। आफ्नी श्रीमतीलाई मन नपरेको वस्तुसरह ठान्ने र उपेक्षित व्यवहार गर्ने यस कथाको सुरेन्द्र नेपाली समाजको आम पुरुषपात्र हो। श्रीमतीलाई घरमा काम गर्न ल्याइएकी दासी वा नोकरको जस्तै व्यवहार गर्ने नेपाली समाजको प्रतिनिधित्व गरेको यस कथाको सुरेन्द्रमा पुरुषसत्तावादी नेपाली समाजको लैङ्गिकतासम्बन्धी सोच हावी रहेको देखिएको छ । उसले विवाह गरेर ल्याइएकी श्रीमतीलाई पनि आफ्नो इच्छाविपरीत सधैँका लागि जीवन जोड्न विवश भएको ठानेर उपेक्षा गरेको र यही कुण्ठित मानसिकताले आफ्नी श्रीमतीलाई कहिल्यै अर्धाङ्गिनीको दर्जा नदिएको सन्दर्भलाई यहाँ देखाइएको छ । स्वास्नीलाई कठपुतलीजस्तै सोच्ने सुरेन्द्र यस कथामा एउटा व्यक्ति मात्र नभई नेपाली समाजको प्रतिनिधि पात्र हो । उसले उसकी स्वास्नी अर्थात् भवानीलाई आफ्नो शारीरिक भोक पूर्ति गर्ने वस्तुका रूपमा, खाना पकाउने भान्छेका रुपमा, सरसफाइ गर्ने सुसारेका रूपमा र बच्चा जन्माउने मेसिनका रूपमा मात्र सम्झिने र त्यही अनुसारको व्यवहार गर्ने सन्दर्भले पितृसत्ताले पुरुषलाई कतिसम्म प्रभुत्वशाली र महिलालाई कतिसम्म निरीह बनाएको छ भन्ने यथार्थ प्रकट गरिएको यस कथांशमा सुरेन्द्र र भवानीजस्ता पात्रले लैङ्गिक विभेदयुक्त नेपाली समाजको पुरुष र नारीपात्रको प्रतिनिधित्व गरेका छन् र यसले समाजको लैङ्गिकताको वास्तविक अवस्थालाई देखाएको छ। लैङ्गिक प्रतिनिधित्वको यस्तै यथार्थलाई देखाइएको अर्को कथांश यसप्रकार छ :

> हक, कस्तो हक ? आइमाईहरूलाई त आमाबाबुले दान दिएपछि लोग्नेले जे गरे पनि हुन्छ। मारे पाप, पाले पुण्य भनी दान दिएको वस्तुलाई हामी लोग्नेमान्छेले जे गर्न पनि छुट छ। मैले तँलाई मारेको छैन। घरमा राखेको नै छु। तँ अफिसमा दश जनासँग गरेर आए पनि निकालेको छैन। त्यसैले मैले जे गरे पनि तँ चुप लागेर बस्।" यस्तो क्षुद्र वचन सुनेर मलाई त्यहाँ एकक्षण पनि बस्न मन लागेन। मेरो काखमा छोरी थिई। उसलाई लिएर कहाँ जाने ? सहेर बस्नुबाहेक मेरो अरु कुनै उपाय पनि थिएन। - ('सम्झौता', *मौन विद्रोह,* पृ. ४२)

माथि दिइएको कथांशमा प्रस्तुत गरिएको पुरुष र नारीपात्रहरू नेपाली समाजको लैङ्गिक परम्परालाई प्रतिनिधित्व गर्ने पात्र हुन् । यहाँ म पात्रका रूपमा प्रस्तुत भएको पुरुषपात्रमा विभेदयुक्त लैङ्गिक परम्पराले निर्मित सोच र व्यवहार प्रस्तुत भएको छ भने नारीपात्र पनि परम्पराले स्थापित गरेजस्तै निरीह र विवश पात्रका रूपमा देखाइएको छ। यहाँ नारीपात्रले आफ्नो हक माग्दा पुरुषपात्रले आफ्नो प्रभुत्व र हैकम कायम गर्दै पितृसत्ताकै आवाज बोलेको छ र आइमाईहरूलाई आमाबाबुले दान दिएपछि लोग्नेले जे गरे पनि हुन्छ। मारे पाप, पाले पुण्य भनी दान दिएको

वस्तुलाई हामी लोग्नेमान्छेले जे गर्न पनि छुट छ भन्ने धारणा व्यक्त गरेको छ। यो सोच र धारणा नेपाली समाजका आम पुरुषहरूको धारणा हो । यस कथांशमा पुरुषपात्रले आफूले श्रीमतीलाई नमारेको र घरमा नै राखेको कुरालाई गर्वका साथ भनेको छ र अफिसमा दश जनासँग गरेर आए पनि घरबाट ननिकालेकाले आफूले जे गरे पनि चुप लागेर बस्न आदेश दिइएको सन्दर्भले नेपाली समाजमा परम्पराका नाममा हुने लैङ्गिक हिंसा र शोषणलाई देखाएको छ। पुरुषपात्रको यस किसिमको उत्पीडन सहेर, दमित भएर बस्न बाध्य नारीपात्रले पनि नेपाली समाजका आम नारीको प्रतिनिधित्व गरेकी छ। आफ्नो काखमा भएको छोराछोरीको भविष्य र खुसीका लागि पुरुषले आफूमाथि गरेका दमन र शोषणलाई पनि बाध्य भएर सहँदैआएकी यस कथाकी नारीपात्र यहाँ पितृसत्तात्मक नेपाली समाजकी प्रतिनिधि महिलापात्र हो । यसरी यी पात्रहरूका माध्यमबाट नेपाली समाजमा हुने लैङ्गिक विभेद, शोषण र प्रतिनिधित्वलाई देखाइएको छ।

**जलेश्वरी श्रेष्ठका कथाका पात्रमा पहिचान**

प्रस्तुत सन्दर्भमा समाजका विभिन्न क्षेत्रमा किनारीकृत नारीपात्रहरू, तेस्रो लिङ्गी पात्रहरू र केन्द्रमा रहेका पुरुषपात्रहरूले तिनमा आफ्नो अस्तित्त्व खोज्नु र कथामा कथाकारले ती पात्रहरूलाई उपस्थापन गराउने स्वत्वबोधी चेतना पहिचान हो । जन्मिएको बच्चा बिस्तारै हुर्कन थालेपछि उसलाई समाज र परिवारले गर्ने व्यवहार तथा धारणाबाट नै उसको लैङ्गिक पहिचान बन्छ। जलेश्वरी श्रेष्ठका विश्लेष्य कथाहरूमा लैङ्गिक अस्तित्त्व र पहिचान नै प्रमुख विषय बनेर आएका छन् । त्यसमा पनि नारीका सामाजिक उत्पीडन, मातृत्व चाहना, महिला र पुरुषबिचका विभेदकारी नीति, बलात्कार, बहुविवाहजस्ता विषय र क्षेत्रसँग सम्बन्धित विविध सन्दर्भहरू आएकाले उनका कथामा लैङ्गिक पहिचानको चेतना स्पष्ट रूपमा आएको छ। उनका कथामा मूलतः शिक्षित-अशिक्षित, सम्पन्न-विपन्न, वृद्ध-युवा, नयाँपुस्ता-पुराना पुस्ता, नारी-समलिङ्गी सबै किसिमका पात्रहरूको उपस्थिति रहेको छ। यसबाट नेपाली समाजमा उनीहरूको पहिचान केकस्तो छ भन्ने कुरा पनि देखाइएको छ। कथामा पात्रहरूको पहिचान पितृसत्तात्मक सामाजिक व्यवस्थाले निर्धारण गरेअनुरूप नै प्रस्तुत गरिएको छ र नारीहरूले सहँदैआएका यौनशोषण तथा अन्य शोषणहरूलाई कथाको विषय बनाइएको छ। श्रेष्ठका कथाहरूमा प्रायः पुरुषपात्रहरू शक्तिशाली छन् र उनीहरूका हातमा अवसर तथा पहुँच पनि छ तर यसका विपरीत नारीपात्रहरू कमजोर, निरीह, सहनशील हुन बाध्य पारिएका छन् । समाजका विभेदकारी व्यवहारप्रति विद्रोह गर्दै नारीअस्तित्त्व र पहिचानका लागि आवाज उठाइएका श्रेष्ठका कथाहरूमा नारीवादी स्वर व्यक्त गरिएको छ। यस्तै स्वपहिचानको सचेतना प्रस्तुत भएका केही साक्ष्यहरू यसप्रकार छन् :

> स्वास्नीमानिसलाई पनि त प्रकृतिले एउटै किसिमको इच्छा-तृष्णा दिएको हुन्छ, जस्तो लोग्नेमानिसलाई दिएको हुन्छ । लोग्नेमानिसले बिरामी स्वास्नीको अगाडि नै अर्की केटीसँग लसमस गर्नहुने तर स्वास्नीमानिसले अरूको कल्पनासम्म पनि गर्न नहुने ? समाजमा इज्जत जान्छ रे, कर्म नष्ट हुन्छ रे, पाप लाग्छ रे। स्वास्नीमानिसलाई मात्र केको पाप। स्वास्नीमानिसलाई दैवले किन इच्छा दिएको ? इच्छा दिन्छ भने इच्छापूर्ति गर्न नहुने पाप किन दिएको ? के स्वास्नीमानिसको इज्जत काँचो माटोको ढिस्को हो फुः गर्दा ढल्ने ? लोग्नेमानिसको इज्जत फलामको ढिको, हुरीबतास आए पनि नढल्ने ! त्यसैले स्वास्नीमानिसले आफ्नो इच्छा दबाएर राख्न सके त राख्ने तर नसके के गर्ने ? - ('ओठमा फूलेको मुस्कान', ला*भाका बाफहरू, पृ.२८-२९)*

प्रस्तुत कथांशमा नारी र पुरुषपात्रको पहिचान परम्परित समाजले निर्धारण गरिदिएको मापदण्डमा नै आधारित भएको देखाइएको छ। समाजमा पुरुषलाई बलियो, प्रभुत्वशाली, मालिक, मुली, उसले चाहेको जे पनि गर्न सक्ने, शक्तिशाली आदिका रूपमा र नारीलाई पुरुषको आश्रयमा रहेकी, पुरुषको मन हर्नसक्ने राम्री, कोमल, कमजोर, सहनशील, चरित्रवती आदिका रूपमा चिनाइन्छ। सामाजिक, आर्थिक र यौनिक रूपमा पुरुषलाई स्वतन्त्र हुने छुट छ भने महिलालाई यी सबै कुरामा आश्रित देखाइन्छ र यही यथार्थ यस कथांशमा पनि चित्रण भएको छ। यहाँ नारी र पुरुषको पहिचानमा उनीहरूको आधारभूत आवश्यकतामा पनि समाजले गरेको विभेदप्रतिको असन्तुष्टिलाई देखाइएको छ र लोग्नेमान्छेलाई जस्तै स्वास्नीमानिसलाई पनि प्रकृतिले एउटै किसिमको इच्छा-तृष्णा दिएको तर समाजले केवल लोग्नेमानिसको इच्छा र चाहनालाई मात्र सम्बोधन गरेको कुराप्रति असन्तुष्टि व्यक्त गरिएको छ। लोग्नेले बिरामी स्वास्नीको अगाडि नै अर्की केटीसँग शारीरिक सम्बन्ध गर्न सक्ने तर स्वास्नीले भने त्यस्तो अवस्थामा पनि अरू पुरुषको कल्पनासम्म पनि गर्न नहुने सामाजिक प्रचलनले पुरुषलाई प्रभुत्वशालीको पहिचान दिएको र नारीलाई पराधीनको पहिचान दिएको सत्यलाई यस कथांशमा प्रस्तुत गरिएको छ। नारीले कुनै पुरुषलाई मन पराउनु र ऊसँग सम्बन्ध राख्नुलाई समाजमा इज्जत जाने, कर्म नष्ट हुने, पाप लाग्नेजस्ता सीमारेखा कोरिने प्रचलनप्रति प्रश्न गरिएको यस कथांशमा स्वास्नीमानिसको इज्जत काँचो माटोको ढिस्को ठान्ने र लोग्नेमानिसको इज्जत फलामको ढिस्को ठान्ने प्रवृत्तिप्रति प्रश्न गरिएको छ। यसरी समाजले पुरुषको व्यक्तित्वलाई फलामको ढिकोजस्तै बलियो र नारीको व्यक्तित्वलाई काँचो माटोको ढिस्कोजस्तो भनेर दिइएको सामाजिक पहिचानप्रति यस कथांशमा तीव्र असन्तुष्टि प्रकट गरिएको छ। यस्तै सन्दर्भ आएको अर्को कथांश यसप्रकार छ :

> सहरमा मात्र बस्न रमाउने साहूको छोरा जयमान आजकल बरोबर बिदामा गाउँको घरमा आउन थाल्यो। सुन्दरियाको रूपको आकर्षण र मगमगाउँदो यौवनको वासनाले उसलाई फूलको सुगन्धले भमरालाई तानेजस्तै तृष्णाको डोरीले तानिरह्यो। साहू साहुनी, सुन्दरियालगायत सबै जना उसको आगमनले खुसी देखिन्थे। उसले सुन्दरियाको सेवाबाट सन्तुष्ट भई सुन्दरिया, उसकी आमा, उसका बुबालाई सहरबाट उपहारहरू ल्याइदिन्थ्यो। सुन्दरियाका आमाबुबा छोरीको सेवाभावले साना मालिकलाई खुसी पार्न सकेकोमा झन् खुसी देखिन्थे। - ('वनफूल', *म्यारिज एनिभर्सरी र अन्य कथा,* पृ. ५३)

प्रस्तुत कथांशमा नारी र पुरुषपात्रको पहिचान परम्परित समाजले निर्धारण गरिदिएको मापदण्डमा नै आधारित देखाइएको छ। सीमान्तीकृत समुदायको नारीपात्रहरूको विवश जीवन र उनीहरूले बिताउनुपरेको आश्रित अवस्थाको चित्रण गरिएको यस कथांशमा वर्णन गरिएकी नारीपात्र सुन्दरिया गरिब थारू परिवारकी किशोरी पात्र हो। पढेर अरुजस्तै ठुलो मान्छे बन्ने सपना देखेकी सुन्दरियाले छोरी भएकैले आफ्नै जीवन र भविष्यको बारेमा सपना देख्न र निर्णय गर्न पाउँदिन तर यसको ठीक विपरीत यहाँ साहुको छोरो जयमान आफूले इच्छा गरेका हरेक कुरा सहजै प्राप्त गर्न सक्छ। सहरमा मात्र बस्न रमाउने ऊ बरोबर बिदामा गाउँको घरमा आउनु उसको गाउँप्रतिको मोहले नभई सुन्दरियाको रूपको आकर्षणले हो भन्ने सन्दर्भ प्रस्तुत गरिएको यस कथांशमा साहुको छोरो जयमानको पहिचान उच्च, शक्तिशाली र प्रभुत्वशाली व्यक्तिका रूपमा र सुन्दरियाको पहिचान निरीह, आश्रित र दमित व्यक्तिका रूपमा आएको छ र यसले नेपाली समाजमा महिला र पुरुषका बीचमा देखिने लैङ्गिक पहिचानलाई प्रस्तुत गरिएको छ। यो कुरा थाहा पाएर पनि सुन्दरियालगायत सबै जना उसको आगमनले खुसी हुनुले उसको प्रभुत्वशाली व्यक्तित्व उजागर भएको छ। यहाँ जयमानले सुन्दरियाको सेवाबाट सन्तुष्ट भई सुन्दरियालाई सहरबाट उपहारहरू ल्याइदिनु र सुन्दरियाका आमाबुबा छोरीको सेवाभावले साना मालिकलाई खुसी पार्न सकेकामा झन् खुसी देखिनुले यस कथाको

जयमानले सम्भ्रान्त वर्गको प्रतिनिधित्व गरेको छ र उसको यस्तो व्यक्तित्वले प्रभुत्वशाली र सामन्तीको पहिचानलाई प्रस्तुत गरेको छ । कतिपय कथामा नारीपात्रको मात्र नभई तेस्रो लिङ्गीहरूको पनि प्रतिनिधित्व भएको छ र यी पात्रहरूले समाजमा आफ्नो अस्तित्त्व र पहिचानको खोजी गरिरहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस्तै सन्दर्भ आएको अर्को कथांश यसप्रकार छ :

> कोमल आफूलाई गाजल, टीका, लिपिस्टिक लगाएर सजाउँथिन् । उनको कालो र लामो कपाल थियो । उनी सधैँ सारीचोलो र कुर्थासुरुवाल मात्र लगाउँथिन् । उनको ठीक उल्टो पुष्पलता अनुहारमा शृङ्गार नगर्ने, ब्वाइजकट कपाल काट्ने र सर्टप्यान्ट, सफारीसुट लगाउँथिन् र झट्ट हेर्दा उनमा एउटा आकर्षक पुरुषको व्यक्तित्व झल्कन्थ्यो । उनीहरू बीच यति मेलमिलाप थियो कि, उनीहरू सुत्दा पनि एउटै खाटमा सुत्थे । - (अद्भुत दृश्य, *फूल फुलाउने गमला,* पृ. २१)

प्रस्तुत कथांशमा तेस्रो लिङ्गी पात्रको पहिचानलाई परम्परित नेपाली समाजले निर्धारण गरिदिएको मापदण्डमा नै आधारित भएर देखाइएको छ । नेपाली समाजमा नारी भन्नेबित्तिकै लामो कपाल पालेकी, टीका गाजल लगाएकी र शृङ्गार गरेर हिँड्ने व्यक्तिका रूपमा र पुरुषलाई कपाल छोटो भएको, शृङ्गार नगर्ने, सर्टप्यान्ट लगाउने मान्छेका रूपमा चिनाइन्छ । यस कथांशमा पनि दुई नारी-समलिङ्गीहरू बाहिरबाट देख्दा नारी नै देखिए पनि एउटाले पुरुषको पहिचान र अर्कोले महिलाको पहिचान बनाउन खोजेको यथार्थलाई प्रस्तुत गरिएको छ । यहाँ तेस्रो लिङ्गीहरूले पनि आफूलाई सगर्व चिनाउन नसकेको र आफ्नो पहिचानलाई महिला र पुरुषकै पहिचानबाट चिनाउनुपर्ने बाध्यता रहेको यथार्थलाई देखाइएको छ । कथामा प्रस्तुत गरिएको कोमल नामकी पात्रले आफूलाई गाजल, टीका, लिपिस्टिक लगाई सधैँ सारीचोलो र कुर्थासुरुवालमा मात्र हिँड्नेगरेको र पुष्पलता नामकी पात्रले अनुहारमा शृङ्गार नगरी, ब्वाइजकट कपाल र सर्टप्यान्ट, सफारीसुटमा हिँड्नेगरेको सन्दर्भले यस कुरालाई स्पष्ट पारेको छ । यसरी तेस्रो लिङ्गीको आफ्नो छुट्टै पहिचान नभएको र त्यसलाई पितृसत्तात्मक समाजले नस्वीकार्नेभएकाले उनीहरूले आफ्नो पहिचानलाई लुकाएर हिँडेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ ।

**जलेश्वरी श्रेष्ठका कथाका पात्रमा प्रतिरोध**

प्रस्तुत सन्दर्भमा विभिन्न सामाजिक परिवेशमा किनारीकृत नारीहरू, तेस्रो लिङ्गीहरू र केन्द्रमा रहेको समाजले ती पात्रहरूमाथि लैङ्गिक विभेद र शोषण गर्दा ती पात्रहरूले विभेदको प्रतीकार गर्ने चेतना नै प्रतिरोध हो । जलेश्वरी श्रेष्ठका कथाहरू लैङ्गिक, सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिमा लेखिएका छन् । नेपाली समाजका मूल्यमान्यताले पुरुषलाई सधैँ शक्ति र सत्ताको मालिक बनाएर राखेपछि पुरुषमा देखिन आएको हैकमवादी सोच र प्रवृत्तिहरूको प्रतिरोध र बहिष्कार उनका कथाहरूमा पाइन्छ । पुरुषसत्ताले नारीप्रति बनाएका सङ्कुचित र अविवेकी धारणा, नारीप्रति गरिएका विभेद तथा उत्पीडनलाई देखाई यसप्रति प्रतिरोधका आवाजहरू उठ्नथालेको सन्दर्भलाई यी कथाहरूमा प्रस्तुत गरिएको छ । लैङ्गिक दृष्टिले शक्तिशाली मानिएका पुरुषहरूका सोच, अवधारणा, नारीप्रतिको दृष्टिकोण र व्यवहारलाई कथाका पुरुषचरित्रहरूले नै बोकेका छन् र प्रायशः यी पात्रहरू उत्पीडक चरित्रका छन् । पुरुषले श्रीमतीबाट सन्तान भएन भने अर्की श्रीमती विवाह गरेर सन्तान जन्माएझैँ आफ्नो श्रीमान्बाट सन्तान नभएको खण्डमा अन्य पुरुषको वीर्यदान लिएर महिलाले सन्तान जन्माउन पाउनुपर्ने र कति सन्तान पाउने, नपाउने भन्ने निर्णय आमाले गर्नपाउनुपर्नेजस्ता प्रश्नहरूलाई यहाँ विषय बनाइएको छ । नारी हुनुको गर्वबोध र सन्तुष्टि नै आमा हुनुमा छ, यो नारीको नैसर्गिक अधिकार हो र यसलाई वञ्चित गरिनुहुन्न भन्ने कुरा उनका कथाका पात्रहरूमा

पाइन्छ । मातृत्वचेतना अभिव्यक्त भएका कथाका अन्य केही साक्ष्यहरू यसप्रकार छन् :

> म यो सन्तानको कुनै हालतमा पनि हत्या गर्न सक्दिनँ । अब उप्रान्त विज्ञानको प्रयोगलाई अभिशापको रूपमा लिई छोरी हत्या गरी नारीशोषण गर्न म दिन्नँ । यो समाजको कुसंस्कारले यो मातृमनको ममतालाई बुझ्न सकेन । जब मैले योभन्दा अगाडिकी मेरी छोरीको हत्या गरेँ, मेरो आत्माले मलाई कति धिक्कारेको थियो, मैले बिर्सन सकेकी छैन । ...सधैँ मसिनो र नरम स्वरले बोल्ने मेरी आमाको आज दुर्गा र महाकालीजस्तो रिस र पीडाले थरथर काम्दै साहसपूर्ण गर्जेको आवाज सुनी मलाई गर्व लाग्यो । धन्य, मेरो भाग्य ! त्यस्ती आँटिली आमाको गर्भबाट म जन्मन पाउनेभएँ । - ('भ्रूणहत्या', *मौन विद्रोह, पृ. २३१-२३४)*

प्रस्तुत कथांशमा नारीपात्रको प्रतिरोधी स्वर प्रकट भएको छ । पितृसत्तात्मक समाजमा एउटी नारीको मातृत्वपक्षलाई समेत कुण्ठित पारिने र मातृत्वमाथि शोषण गरिने घटनालाई प्रस्तुत कथामा विषय बनाइएको छ । गर्भमा रहेकी छोरीलाई कथावाचक म पात्रका रूपमा प्रयोग गरिएको यस कथांशमा गर्भको बच्चालाई नष्ट गर्न आदेश दिने लोग्नेका विरुद्ध एउटी आमाले गरेको प्रतिरोध र विद्रोहलाई प्रस्तुत गरिएको छ । उसले आफ्नो सन्तानको कुनै हालतमा पनि हत्या नगर्ने र अब विज्ञानको प्रयोगलाई अभिशापको बनाई छोरीहत्या गरी नारीशोषण गर्न नदिने कुरा बताउँदै पितृसत्तात्मक समाजले  आजसम्म पनि आमामनको ममतालाई बुझ्न नसकेकोप्रति असन्तुष्टि व्यक्त गरिएको छ । यसभन्दा अगाडिकी छोरीको गर्भमै हत्या गरेको बेला आफ्नो आत्माले आफूलाई धिक्कारेको सम्झँदै यसपटक प्रतीकारमा उत्रिएकी म पात्रको प्रतिरोधी चेतनाका कारण भ्रूणावस्थामा रहेकी एउटी छोरीले जन्मन पाएको सन्दर्भ प्रस्तुत गरिएको यस कथांशमा नारी अर्थात् आमाको प्रतिरोधको आवाज प्रकट भएको छ र यसले विभेदयुक्त पितृसत्तालाई चुनौती दिएको छ । यस्तै प्रतिरोधी चेतना प्रकट भएको अर्को कथांश यसप्रकार छ :

> श्रीमान् ! यी कुकर्मीहरू विरुद्ध मैले एउटा नाबालक केटीको बलात्कारको मुद्दा लडेकी थिएँ । उनीहरूले यो मुद्दा फिर्ता गराउन मसँग सहयोग मागेका थिए । यसवापत मलाई मोटो रकम दिन्छु भनेका थिए । तर मैले मानिनँ । त्यसपछि यिनीहरूले रुपियाँको बलले साक्षीहरूलाई चुप लगाए । पैसा दिएर बलात्कृत केटीका आमाबाबाका समेत मुखमा बुजो लगाइदिए । गरिबीको कारणले आमाबाबुले आफ्नी छोरीको अस्मितालाई पैसामा बेची फैसला हुनुअघि नै मुद्दा फिर्ता लिएका थिएँ । उनीहरू मसँग यसको बदला लिन चाहन्थेँ । यही कारणले गर्दा म उनीहरूका क्रूरताको लक्ष्यबिन्दु भएँ । - ('आगोका लप्काहरू', *मौन विद्रोह, पृ.८५)*

यस कथांशमा प्रस्तुत भएको सन्दर्भले यहाँ शिक्षित, सभ्य र प्रतिरोधी चेतना भएकी नारीपात्रको अभिव्यक्तिलाई प्रस्तुत गरेको छ । अदालतको परिवेश देखाइएको यस साक्ष्यमा बलात्कार आरोपी पुरुषहरूलाई देखाउँदै अदालतको कठघरामा उभिएर प्रतिरोध गरेको र पितृसत्तात्मक विभेदकारी समाजमा पुरुषहरूले आफ्नो अपराध लुकाउन कतिसम्म गर्छन् भन्ने कुरा व्यक्त गरिएको छ । लैङ्गिक विभेद र शोषणका विरुद्धमा पछिल्लो पुस्ताका नारीहरूमा बढी प्रतिरोधी चेतना आएको दृश्य देखाइएको यस कथांशमा 'म' पात्रले केही प्रभुत्वशाली पुरुषहरूका विरुद्ध आफूले एउटा नाबालिका केटीको बलात्कारको मुद्दा लडेको, उनीहरूले यो मुद्दा फिर्ता गराउन आफूलाई मोटो रकम दिन्छु भनेको तर आफूले नमानेपछि रुपियाँको बलले साक्षीहरूलाई समेत चुप लगाएको सन्दर्भ प्रस्तुत गरिएको छ । पैसा दिएर बलात्कृत केटीका आमाबाबाका समेत मुखमा बुजो लगाइदिएको र गरिबीको कारणले आमाबाबुले छोरीको अस्मितासमेत पैसामा बेची फैसला हुनुअघि नै मुद्दा फिर्ता लिएपछि उनीहरूले आफूसँग यसको बदला लिएको सन्दर्भ प्रस्तुत गरिएको छ । यस साक्ष्यमा क्रूर मानसिकता भएका पुरुष पात्रहरूको डर र धम्कीबाट नडराउने

र नारीमाथि हुने विभिन्न शोषणका विरुद्ध प्रतिरोधमा उत्रने नारीपात्रको प्रतिरोधी चेतना प्रस्तुत गरिएको छ। यस्तै सन्दर्भ आएको अर्को साक्ष्य यसप्रकार छ :

> तिमी मेरो लोग्ने म तिम्री स्वास्नी । हामी दुवैको इच्छामा अरूको हस्तक्षेप किन ? मेरो शरीर सन्तान जन्माउन पूर्ण र सबल छ। अशोक, म पूर्ण हुन चाहन्छु। म मातृत्व प्राप्त गर्न चाहन्छु। मलाई तिम्रो स्वीकृति मात्र भए पुग्छ । पुरुषको सम्पर्कविना नै गर्भाधान गर्न सक्ने अवस्थाको सिर्जना विज्ञानले गरिसक्यो । अरूसँग सम्पर्क गर्नु पो पाप, परपुरुषगमनविना आमा बन्नु केको पाप ? अरूको रगत, किड्नी, आँखा लिन सकिन्छ भने अरूको वीर्य ग्रहण गर्न किन अपवित्र ? कुनै नारीको आमा बन्नसक्ने पूर्ण शरीर हुँदाहुँदै पनि टेस्टट्यूबमार्फत सन्तान जन्माउँदा कसरी उसको शरीर बिटुलो हुन्छ ? - ('टेस्टट्युब बेबी', *लाभाका बाफहरू*, पृ.३० ।)

प्रस्तुत कथांशमा पुरुषहैकमका विरुद्धमा नारीको प्रतिरोधी स्वर प्रकट भएको छ। नारीलाई केवल वंशवृद्धि गर्ने र सन्तान जन्माउने भाँडोका रूपमा हेर्ने पितृसत्तात्मक सोचका विरुद्ध यहाँ आमापात्रको प्रतिरोधी स्वर मुखरित भएको छ। यस कथांशमा लोग्नेले टेस्टट्यूब बेबी जन्माउन अस्वीकार गरेपछि स्वास्नीले लोग्नेको निर्णयप्रति प्रतिरोध गर्दै सम्झाएकी छ। कथाकी 'म' पात्रले तिमी मेरो लोग्ने म तिम्री स्वास्नी भएपछि हामी दुवैको इच्छामा अरूको हस्तक्षेप किन ? भन्दै सम्झाइएको यस कथांशमा आफ्नो शरीर सन्तान जन्माउन पूर्ण र सबल भएको, आफू पूर्ण हुन मातृत्व प्राप्त गर्न चाहेको कुरा व्यक्त गरिएको छ। पुरुषको सम्पर्कबिना नै गर्भाधान गर्न सक्ने अवस्थाको सिर्जना विज्ञानले गरिसक्दा पनि सन्तानबाट वञ्चित हुनुपर्ने स्थितिप्रति प्रतिरोध गरिएको यस कथांशमा अरूसँग सम्पर्क गर्नु पो पाप, परपुरुषगमनबिना आमा बन्नु केको पाप ? भन्दै अरूको रगत, किड्नी, आँखा लिन सकिन्छ भने वीर्य ग्रहण गर्न किन अपवित्र ? कुनै नारीको आमा बन्नसक्ने पूर्ण शरीर हुँदाहुँदै पनि टेस्टट्युब मार्फत सन्तान जन्माउँदा कसरी उसको शरीर बिटुलो हुन्छ ? जस्ता प्रश्नहरू गरेर पुरुषको एकाधिकारलाई चुनौती दिइएको छ र समग्र सामाजिक व्यवस्थामाथि नै प्रतिरोधी चेतना प्रस्तुत गरिएको छ।

## निष्कर्ष

जलेश्वरी श्रेष्ठ समकालीन नेपाली कथाधारामा लैङ्गिक चेतना र नारीवादी चेतनाका कथा लेख्ने स्रष्टा हुन्। उनका उपर्युक्त चारओटा कथासङ्ग्रहबाट चयन गरिएका नौवटा कथाको अध्ययन विश्लेषणका आधारमा नेपाली समाजको लैङ्गिक अवस्थाका बारेमा स्पष्ट हुन्छ । उनका 'टेस्टट्यूब बेबी', 'मौन विद्रोह', 'आगोका लप्काहरू', 'निरीह', 'सम्झौता', 'ओठमा फुलेको मुस्कान', 'वनफूल', 'अद्‌भूत दृश्य', 'भ्रूणहत्या'जस्ता कथाको अध्ययनबाट कथाकारले सृजना गरेका पात्रहरू पितृसत्तात्मक नेपाली समाजको विभेदपूर्ण लैङ्गिक विभेद सहन, जटिल परिस्थितिको सामना गर्न, आफ्नो प्रतिनिधित्व, अस्तित्त्व वा पहिचानका लागि विभेदनहरूका विरुद्ध प्रतीकार गर्न पनि सक्षम छन् भन्ने देखिन्छ । चारओटै उपर्युक्त कथासङ्ग्रहका अधिकांश कथामा लैङ्गिक प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतना नै प्रमुख र केन्द्रीय विषयका रूपमा प्रस्तुत भएकाले विश्लेषित कथाहरू यी चेतनाका दृष्टिले सबल र सफल देखिन्छन्। यी कथाहरूमा नारीपात्रको भूमिका अग्रस्थानमा देखिनुका साथै कथामा अधिकांशतः विभिन्न किसिमका उत्पीडनमा परेका नारीपात्रहरूका जीवनका जटिलताहरू प्रस्तुत भएकाले यी कथाहरू विचारको निरूपणका दृष्टिले सबल छन् भने विवेचित कथाहरूमा कथाको कथ्य, घटना, पात्र, परिवेशका बिच सन्तुलन भएको र पात्रले बोल्ने धेरैजसो संवादमा पनि प्रतिनिधित्व, पहिचान र प्रतिरोधको स्वर अभिव्यक्त भएकाले यस दृष्टिले यी कथा विशिष्ट

देखिन्छन् । जलेश्वरी श्रेष्ठका कथाहरूमा प्रयुक्त पुरुषपात्रमध्ये बहुसङ्ख्यक पुरुषपात्रहरूले प्रभुत्वशाली र उत्पीडक चरित्रको प्रतिनिधित्व गरेका छन् भने अधिकांश नारीपात्रहरू निरीह, विवश र पराधीन देखिन्छन् र केही कथाहरूमा तेस्रो लिङ्गी पात्रहरूको प्रतिनिधित्व भएको छ । कथामा आएका यी सबै प्रतिनिधि पात्रहरूको अवस्था र उनीहरूको व्यवहारबाट आज पनि नेपाली समाजमा पितृसत्तावादले निर्माण गरेको विभेदयुक्त लैङ्गिक व्यवस्था र यसबाट निर्मित सोचहरू कायम नै छन् तथा त्यसको प्रतिरोधस्वरूप केही प्रतिरोधी स्वरहरू पनि उठ्न थालेका छन् भन्ने बुझिन्छ । उनका कथाका नारी र तेस्रो लिङ्गी पात्रहरूमा प्रतिनिधित्व, पहिचान र आवश्यक परे प्रतिरोधी चेतना पनि निकै सबल छ भन्ने कुरा देखिन्छ । उनका कथामा अभिव्यञ्जित लैङ्गिक सिद्धान्तका प्रतिनिधित्व, पहिचान र प्रतिरोधी चेतनाका वैचारिक चिन्तनले सौन्दर्यात्मक मूल्यलाई क्षति नगरेकाले आग्रहको तह र सौन्दर्यात्मक तहा बिच सन्तुलन देखिन्छ ।

**सन्दर्भसामग्री सूची**


अब्राम्स, एम.एच. (सन् २०००), *अ ग्लोसरी अफ लिटरेरी टर्म्स,* सातौँ संस्क., सिङ्गापुर : हरकोर्ट एसिया पब्लिकेसन ।

एङ्गेल्स, फ्रेडरिक (सन् १९७२), *द ओरिजन अफ द फ्यामिली प्राइभेट प्रोपर्टी एन्ड द स्टेट,* न्युयोर्क : इन्टर्नेसनल पब्लिसर्स ।

एटम, नेत्र (२०७४), सम्पा. *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०६९), 'समकालीन नेपाली कवितामा सांस्कृतिक चेतना', *भृकुटी (१०)* पृ. ९-३२ ।

गौतम, लक्ष्मणप्रसाद (२०७१), 'अन्तर्विषयकता, अन्तर्विषयक पठन र अन्तःपाठीयता', *कलाश्री,* वर्ष ३, अङ्क ३, पृ. २८१-२९१ ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बुभार, सिमोन द (मिति अनुल्लिखित) *महिला (द सेकेन्ड सेक्स),* अनु, रमेश सुनुवार, काठमाडौँ : प्रगति पुस्तक सदन, साल ।

भट्टराई, रमेशप्रसाद (२०७७),*सांस्कृतिक अध्ययनको (वर्गीय, लैङ्गिक र जातीय) सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

वफ, पेट्रिसिया (सन् २००७), *लिटरेरी थ्यौरी एन्ड क्रिटिसिज्म,* अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

श्रेष्ठ, जलेश्वरी (२०५८), *लाभाका बाफहरू,* काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

श्रेष्ठ, जलेश्वरी (२०६१), *मौन विद्रोह,* काठमाडौँ : वनिता प्रकाशन ।

श्रेष्ठ, जलेश्वरी (२०७३), *म्यारिज एनिभर्सरी र अन्य कथाहरू,* काठमाडौँ : ओरिन्टल पब्लिकेसन ।

श्रेष्ठ, जलेश्वरी (२०७५), *फूल फुलाउने गमला,* काठमाडौँ : जलरिका प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाको नयाँ कोण,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।